**सम्पूर्ण अभिभावक ज्यूहरुमा**

# आ. व. 2024साल विद्यालय शुल्क अनुदानको जानकारी

सुगीनामी (कु) वार्डमा बसोबास भई, यस वार्डका सरकारी विद्यालय (प्राथमिक / माध्यमिक ) मा पढ्दै गरेका विद्यार्थीका अभिभावकहरुलाई विद्यालयमा आवश्यक पर्ने. खर्च मध्ये 1 भाग अनुदानको रुपमा दिइने छ । गत वर्ष ,यो अनुदान लिनु भएकाले पनि पुन आवेदन दिनु पर्ने छ।

## विद्यालय शुल्क अनुदान पाउनु हुने अभिभावकहरुमा

सुगीनामी वार्डमा बसोबास गरी राख्नु भएका विद्यार्थी संगै एउटै घरठेगानामा बस्नु हुने अभिभावकहरुमा, तलका मध्ये कुनै कुरामा मेल हुने अभिभावकहरु

(1)हाल, जीवन संरक्षण अनुदान (जीवन संरक्षण कानून अन्तर्गत शैक्षिक सहयोग) प्राप्त गरी राख्नु भएका परिवार

(2) 2023 साल 4 महिना (अप्रिल )1 तारिख पछि , जीवन संरक्षण अनुदान निलम्बन/ रोक लगाईएका परिवार

(3) 2023 साल 1 महिना (जनवरी )～12 महिना (डिसेम्बर)सम्मको सम्पूर्ण परिवारका सदस्यको कुल आम्दानी(※), अनुमानित तोकिएको मापदण्ड भन्दा कम भएको परिवार

（आ व 6 सालको परिवारको निवासी करको रिपोर्ट, आय र परिवारको आश्रित स्थिति अनुसार निर्धारण गरिनेछ।）

| परिवारको संख्या<br>परिवारको संरचना | २जना<br>(बुबा वा आमा, 4 कक्षाको प्राथमिक विद्यालयका विद्यार्थी) | ３जना<br>(बुबा वा आमा, 4 कक्षाको प्राथमिक विद्यालयका विद्यार्थी) | ４जना<br>(बुबा, आमा, 2कक्षाको माध्यमिक र 4 कक्षाको प्राथमिक विद्यालयका विद्यार्थी) | ５जना<br>(बुबा, आमा, 2कक्षाको माध्यमिक र 4 कक्षाको प्राथमिक विद्यालयका विद्यार्थी र 4 वर्षको बच्चा ) |
|---|---|---|---|---|
| अनुमानित तोकिएको मापदण्ड | करीब 331 मान येन<br>(एक अभिभावकको कुल आय सहित) | करीब 369 मान येन | करीब 432 मान येन | करीब 456 मान येन |

**★ तोकिएको मापदण्ड रकम केवल एक अनुमानित हो। परिवारको संरचना र परिवारका सदस्यहरूको उमेर आदि अनुसार रकम फरक-फरक हुन्छ।** अनुदान पाउने हो वा होइन थाहा नभए「ईच्छा छ」「希望する」मा चिन्ह लगाई आवेदन दिनु हुन अनुरोध गर्दछु ।

**※「कुल आय रकम」भन्नाले**
**वार्षिक आय होइन**


तलब आम्दानी मात्र भएका महानुभाव

「 2023 सालको गेनसेन च्योस्यु ह्योऊ(कुल वार्षिक आय देखाएको पत्र )」को「क्यूयो स्योटोकू कोउज्यो गोउ नो किन गाकु(आयकर कटाई सकेपछिको कुल आय)」को कोठामा लेखिएको रकम बाट 10 मान येन कताएको रकम ।

व्यवसायिक आम्दानी भएका महानुभाव

आम्दानी रकमबाट व्यापार चलाउन आवश्यक खर्च कताइसकेपछिको रकम ( 2023 सालको 1 वर्षको जम्मा रकम)

※गेनसेन च्योस्यु ह्योऊ(कुल वार्षिक आय देखाएको पत्र )द्वारा सोउ स्योटोकू किन गाकु(आयकर कटाई सकेपछिको कुल आय)पुष्टि गर्दा




(4)माथि उल्लेखित (1) ～ (3) को विवरणमा नपर्ने, तर प्राकृतिक प्रकोप, बेरोजगार_(काम छोड्नु पर्ने) आदि कारणबाट आयमा उल्लेखनीय कमी भएको कारण, विद्यालय शुल्कको भुक्तानीमा कठीनाई भएको कारण स्पष्ट भएको खण्डमा, 「लेख्रे बेलामा ध्यान दिनु पर्ने कुरा」लाई राम्रो संग हेरी, **आवेदनको「4 विशेष कारण इत्यादि」लेख्रे ठाउँमा हालको अवस्थाको बारेमा लेख्नु होला।**

## विद्यालय शुल्क अनुदानको आवेदन दिने प्रक्रिया

विद्यालय सहयोग प्राप्त गर्ने ईच्छा छ ⇨ 「विद्यालय शुल्क अनुदानको ईच्छाको बारे प्रश्नावली」को「希望する ईच्छा छ」मा ✔ चिन्ह लगाउने ⇨ 「विद्यालय शुल्क अनुदानको आवेदन・पावर अफ अटर्नी」भर्नुहोस् ⇨ शिक्षा बोर्ड विद्यार्थी मामिला विभाग वा विद्यालयमा बुझाउने

विद्यालय सहयोग प्राप्त गर्ने ईच्छा छैन ⇨ 「विद्यालय शुल्क अनुदानको ईच्छाको बारे प्रश्नावली」को「希望しない ईच्छा छैन」मा ✔ चिन्ह लगाउने ⇨ शिक्षा बोर्ड विद्यार्थी मामिला विभाग वा विद्यालयमा बुझाउने

※आवेदन कुनै पनि समयमा दिन सकिनेछ। तर, भुक्तानी गरिने चाहिं आवेदन दिएको महिना देखि नै भुक्तानी दिईनेछ।( उदाहरण : 5(मेई)महिनाको आवेदन→5(मेई)महिना देखि भुक्तानी)

※यदि आवेदन दिई सकेपछि ,तपाईँको घरपरिवारको स्थिति, आवेदनको सामग्री आदिमा कुनै परिवर्तन आएको अवस्थामा, कृपया शैक्षिक मामिला विभागमा सम्पर्क गर्नुहोस्।

## विद्यालय शुल्क अनुदान स्वीकृति गरिएको नतीजा

अनुदान पाउने / नपाउने सम्बन्धि **7 महीना (जुलाई)पछि हुलाक मार्फत अभिभावकलाई सुचित गरिनेछ।**

विद्यालय शुल्क अनुदान स्वीकृति गरिएको नतीजा, भर्ना हुने विद्यालयलाई पनि सूचित गरिनेछ। अनुदानको नतीजा ,व्यक्तिगत जानकारी. भई,

उचित व्यवस्थापन सहित, विद्यालय शुल्क अनुदानको कार्य बाहेक अन्य कार्यमा प्रयोग गरिने छैन । विद्यालयको खाना

## कुल आय रकमको पुष्टिकरण

2023 साल 1 महीना (जनवरी )～12 महीना (डिसेम्बर ) सम्मको सपरिवारको कुल आम्दानी पुष्टि हुन नसकेको खण्डमा, छानबिन रोक्का गरिनेछ।

| | |
|---|---|
| （1）एकै (सगोल) परिवारमा रहेका सदस्य मध्ये कसैले करमा दर्ता नगरेका व्यक्ति | 5 (मेइ) महिनाको (मेइ महिनाको बीच) सम्म आवेदन दिन सकाउनु होस् ।<br>**आम्दानी नभएका व्यक्तिले पनि आवेदन दिनु पर्दछ।** |
| （2） 2024 साल 1 महिना (जनवरी )2 तारीख पछि ,सुगीनामी वार्डमा आफ्नो ठेगाना सार्नु भएका व्यक्ति | 「 2024 **आर्थिक वर्षको कर भुक्तानी प्रमाणपत्र (वा कर छुट प्रमाणपत्र)**」(आय रकम, आय कटौतीको विस्तृत जानकारी आदि उल्लेख भएको कागजात) पेश गर्नु होस् ।<br>कर भुक्तानी प्रमाणपत्र (वा कर छुट प्रमाणपत्र) 2024 साल 1 महीना (जनवरी ) 1तारिखमा आफ्नो स्थाई ठेगाना दर्ता भएको वार्डमा बसोबास कर रकम निश्चित गरी 6 (जून )महीना पछि पठाईन्छ ।पठाउने दिनको बारे वा बुझीलिने तरिका बारे आफ्नो वार्ड अफिसमा सम्पर्क गरी बुझ्नुहोस् ।<br>※ बिदेशबाट बसाई सरि आउनु भएकोले, आवेदन पत्र बुझाएपछि, सम्बन्धित वार्डको शिक्षा समिति बिभागबाट पत्र पठाउने भएकोले आफ्नो आयको ,व्यहोरा स्पष्ट लेखिएको कागजात पेश गर्नु होस् । |
| （3）सुगीनामी वार्ड बाहेकको ठाउँमा आफ्नो ठेगाना दर्ता गरी राख्नु भएका बुवा आमा (उदाहरण: कामको कारण छुट्टै ठाउँमा बसेको ) | |

## विद्यालय शुल्क अनुदानको भुक्तानी गरिने तरीका

यो अनुदान पाउनु हुने व्यक्तिले आवेदन फाराममा लेख्नु भएको बैंकको खातामा यो अनुदान रकम पठाइने छ। **बैंक खाता सकेसम्म विद्यालयको शुल्क शुल्क कटाउने उहि बैंकको खाता प्रयोग गर्नु होस् ।**

यदि, कुनै विशेष कारणले विद्यालयको शुल्क लामो अवधि सम्म तिर्न बाँकी भएको खण्डमा विद्यालयको प्रधानाध्यापक शिक्षा परिषद्ले आवश्यक ठानेको अवस्थामा , हाल अध्ययनरत विद्यालयको प्रधानाध्यापक बैंक खातामा यो अनुदान रकम पठाइने छ।

## विद्यालय शुल्क अनुदानबाट भुक्तानी गरिने कुराहरु

①अध्ययनको लागि प्रयोग गरिने सरसामान शुल्क ②विद्यालयको कार्यक्रम शुल्क ③शारीरिक ,व्यायामको लागि चाहिने शुल्क (माध्यामिक तहको विद्यार्थीहरुलाई मात्र / जुडो・केन्डोका साधन) ④विद्यालय जीवन ,व्यवस्थापन तालिका बनाउनको लागि चाहिने शुल्क ⑤विद्यालय भर्ना हुन आवश्यक शुल्क(※) ⑥अवलोकन भ्रमण शुल्क ⑦शैक्षिक भ्रमण शुल्क ⑧विद्यालय स्नातकको एल्बम शुल्क ⑨चिकित्सा शुल्क (जीवनसंरक्षणको अनुदान प्राप्त गरी राख्नु भएका व्यक्तिहरु , विद्यालय बिमारीको रुपमा मानिने रोगको उपचार गरेको खण्डमा यो अनुदान लागु हुनेछ ) ⑩विद्यालयको खाना शुल्क(स्कुलको खाजा खर्च (स्कूलको खाजा खर्च) नि:शुल्क छ भने, पैसा तिराईनेछैन ।)

※जीवन संरक्षणको अनुदान प्राप्त गरी राख्नु भएका व्यक्तिहरुलाई,कल्याण कार्यालयबाट①～⑤,⑩को शुल्क भुक्तानी गरिनेछ।

※⑤विद्यालय भर्ना हुन आवश्यक रकमको बारे

- 4 महिना (अप्रिल )बाट सुरु हुने प्राथमिक विद्यालयको पहिलो वर्ष तथा माध्यामिक विद्यालयको पहिलो वर्षका विद्यार्थीहरुलाई भुक्तानी गरिनेछ । विद्यालय भर्ना हुन अघि नै यो अनुदान भुक्तानी प्राप्त गर्नु हुने महानुभावलाई, भुक्तानी गरिने छैन।
- _प्राथमिक विद्यालय 6 कक्षाका आवेदकलाई, माध्यमिक विद्यालयमा भर्ना हुन आवश्यक भर्ना शुल्कको भुक्तानी 3 महिना (मार्च )मा गरिनेछ। 12 महिना (डिसेम्बर)पछि हुलाक मार्फत सम्बन्धित अभिभावकहरुलाई सूचित गरिने छ ।

## विद्यालय प्रोत्साहन शुल्कको बारेमा

विशेष कक्षामा अध्ययनरत विद्यार्थीका अभिभावकहरुलाई अथवा नियमित कक्षामा अध्ययनरत विद्यार्थीको जो विशेष कक्षाको मापदण्डसँग मिल्दोजुल्दो असक्षमता भएका विद्यार्थीका अभिभावकहरूको लाई खर्चको एक अंश प्रदान गर्ने विद्यालय प्रोत्साहन शुल्क भनिने प्रणाली छ। आवेदकहरूले कृपया शैक्षिक मामिला विभागलाई सम्पर्क गर्नुहोस्।

## बहुभाषीको जानकारीको बारेमा

स्कुल सम्बन्धि सहायताको जानकारी र आवेदन फारम भर्दा ध्यान दिनुपर्ने कुराहरू, अङ्ग्रेजी, नेपाली, चिनियाँ, कोरियान, भियतनामी भाषामा संस्करण छ।ईच्छुक व्यक्तिहरू कृपया शैक्षिक विभाग (गाकुमुखा)मा सम्पर्क गर्नुहोला।
अथवा सुगिनामी वार्डको आधिकारिक वेबसाइट "स्कुल सहयोग प्रणाली(स्युगाकु एन्ज्यो सेईदो)
" (दायाँ पट्टी रहेको 2D कोड) बाट पनि हेर्न सक्नुहुनेछ। "

The Notice regarding the School Expense Subsidy (Shugaku Enjo) and the notes for filling out the application are available in English, Nepali, Chinese, Korean, and Vietnamese. Please inquire to the School Affairs Section if you wish.
You may also check on the Suginami City Official Website, "School Subsidy System." (the 2D barcode on the right)

【सम्पर्क स्थान 】सुगीनामी (कु) वार्ड शिक्षा परिषद् सचिवालय, शैक्षिक मामिला विभाग विद्यालय शुल्क अनुदान सम्बन्धित कर्मचारी
〒166-8570 1-15-1, ASAGAYA MINAMI, SUGINAMI KU (नगरपालिका भवनको पूर्व भवन 6 तल्ला 4 नं काउन्टर )
03 (5307) 0761 (डाइरेक्ट कल)

## 【विद्यालयको गाकुदो क्लबको उपयोग शुल्क आदि 】

विद्यालयको गाकुदो क्लबमा भर्ना भईरहेको विद्यार्थी, जो विद्यालय शुल्क अनुदान प्राप्त गर्न योग्य भएको खण्डमा, गाकुदो क्लबको शुल्कको न्यूनीकरण, खाजा खर्चमा छुट हुने व्यवस्था छ। यसको लागि, पहिले नै आवेदन दिनु आवश्यक पर्दछ। विस्तृत जानकारीको लागि विद्यालयको गाकुदो क्लबमा सिधै सम्पर्क गर्नु होस् ।